कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## निरीक्षण अनुगमन सम्बन्धी प्रेस नोट

यस विभागबाट मिति २०८२/०६/०९ गते काठमाडौं उपत्यका भित्र चाडपर्व लक्षित खाद्य पदार्थहरूको नियमित एवं संयुक्त निरीक्षण तथा अनुगमन गरि खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिलका खाद्य उद्योग एवं व्यवसायहरूको निरीक्षण अनुगमन तथा कारबाही गरिएको व्यहोरा सबैको जानकारीका लागि यो प्रेस नोट जारी गरिन्छ।

| क्र.सं. | खाद्य उद्योग एवं व्यवसायको नाम तथा ठेगाना | निरीक्षण अनुगमन सम्बन्धी विवरण | कारबाही/कैफियत |
|---|---|---|---|
| १. | आँगन आवाश फुड्स, सानेपा शाखा, सानेपा, ललितपुर | • सरसफाइ सामान्य रहेको<br>• मिठाई तथा आचार लगायतका खाद्य पदार्थ Chilling Temperature मा राखेको पाइएको<br>• मिति २०८२/०६/०८ मा ललितपुर म.न.पा. ले नमुना संकलन गरेको पाइएको<br>• उजुरीमा भनिए बमोजिम अचार लगायतका खाद्य पदार्थमा अस्वाभिविक गन्ध नपाइएको | • खाद्य स्वच्छता कायम गर्ने निर्देशन सहित स्वस्थ्य र गुणस्तरीय खाद्य वस्तु बिक्री वितरण गर्न निर्देशन दिएको। |
| २. | दूध सागर मिठाई सप, ललितपुर-१०, यु.एन. पार्क | • फ्रिजमा अव्यवस्थित तवरले खाद्य पदार्थ भण्डारण गरेको<br>• सरसफाइ सन्तोष जनक नरहेको | • सरसफाइमा सुधार गरि खाद्य स्वच्छता कायम राख्न निर्देशन दिएको। |
| ३. | शुभ मंगल होस्टल, (Girls and Boys), का.म.न.पा-१०, काठमाडौं | • किचनको सरसफाइ सामान्य रहेको<br>• होस्टलमा बस्ने व्यक्तिहरूसँगको सोधपुछमा खानाको गुणस्तर सामान्य रहेको भनि जानकारी प्राप्त भएको | • सामान्य सुधार गरि खाद्य स्वच्छता कायम राख्न निर्देशन दिएको। |
| ४. | सम्पूर्ण फुड प्रोडक्ट्स प्रा.लि., चन्द्रागिरी न.पा.१० | • भुईँमा प्याकिंग गर्ने गरेको<br>• खाद्य वस्तु प्रत्यक्ष भुईँमा भण्डारण गरेको<br>• Pest Control सन्तोषजनक नपाइएको | • कैफियतमा भएका विवरणहरु सुधार गर्ने, सम्पूर्ण खाद्य वस्तुको प्याकिंग अनुमति लिने र खाद्य स्वच्छता कायम गर्ने निर्देशन दिएको। |
| ५. | सुजल डेरी प्रा.लि., चन्द्रागिरी-०३, माटीखेल | • सरसफाइ सन्तोषजनक रहेको<br>• प्रशोधन कक्षको भुईँको केही ठाउँहरूको टायल्स फुटेको अवस्थामा रहेको | • फुटेको टायलहरू मर्मत गर्ने, सरसफाइ कायम गर्ने र दूध तथा दुग्ध पदार्थ स्वच्छता एवं गुणस्तर मापदण्ड निर्देशिका, |

ज्योत्स्ना

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | | • उद्योगको आफ्नै प्रयोगशाला रहेको | २०७५ बमोजिम कार्य गर्ने निर्देशन दिएको। |
| ६. | निरञ्जना वेभरेज उद्योग, कागेश्वरी मनहरा-०५ | • Jar Filling Section अटोमेटिक रहेको तथा Manual Jar Filling पूर्ण रूपले बन्द नभएको<br>• खाली बोतलको भण्डारण सन्तोष जनक नभएको<br>• Chemical reagent तथा सरसफाइमा प्रयोग हुने रसायनको भण्डारण तथा लेवलिंग नभएको | • प्याकिंग सामग्रीको व्यवस्थित भण्डारण गर्ने गरि अलग्गै कक्ष निर्माण गर्ने, रासायनिक पदार्थलाई लेवलिंग गरि सुरक्षित भण्डारण गर्ने, Manual Jar Filling लाई पूर्ण रूपले बन्द गर्ने र अन्य संरचना तथा अभिलेख प्रशोधित पिउने पानी उत्पादन मापदण्ड निर्देशिका, २०७४ बमोजिम गर्ने निर्देशन दिएको । |
| ७. | एम.बि. वेभरेज उद्योग, कागेश्वरी मनहरा-०७ | • उद्योगमा स्टिल उलको (steel wool) प्रयोग भएको<br>• प्याकिंग गर्ने सामग्री (खाली बोतल) को भण्डारण कक्ष नभएको<br>• Jar Filling अटोमेटिक मेसिनबाट हुने गरेको | • उद्योगमा खाद्य स्वच्छतालाई प्रतिकूल पार्ने सामग्रीको प्रयोग नगर्ने, प्याकिंग गर्ने सामग्री भण्डारण गर्ने कक्ष निर्माण गर्ने, रासायनिक पदार्थलाई लेवलिंग गरि सुरक्षित भण्डारण गर्ने र अन्य संरचना तथा अभिलेख प्रशोधित पिउने पानी उत्पादन मापदण्ड निर्देशिका, २०७४ बमोजिम गर्ने निर्देशन दिएको। |

ज्योत्स्ना श्रेष्ठ
वरिष्ठ खाद्य अनुसन्धान अधिकृत
२०८२/०६/०९

Scanned with CamScanner